# प्रेस विज्ञप्ति-२०४

# Press Release- 204

लागुऔषध नियन्त्रण ब्युरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाण्डौ

मिति:-२०७४/१०/०५ गते।

## लागु औषध कोकिन सहित विदेशी नागरिकहरु पक्राउ

लागु औषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीद्वारा बिगत लामो समयदेखिको सूचना संकलन, बिश्लेषण एवं निगरानी पश्चात् मिति २०७४/१०/०४ गते दिउँसो १४:०० बजेको समयमा का.जि. का.म.न.पा. वार्ड नं. २६, स्थित ठमेलबाट कालो सुटकेश भित्र लुकाई छिपाई विभिन्न मुलुकहरुमा ओसार पसार गर्न लागिएको **१ किलो ९५८ ग्राम** अवैध **लागु औषध कोकिन** सहित पासपोर्ट नं. 9051567 बाहक बर्ष २८ का Bolivian नागरिक FREDDY MAMANI ANDIA र पासपोर्ट नं. AA9155823 बाहक बर्ष २८ की थाई महिला MISS KHUANJAI KHANARAT लाई पक्राउ गरिएको छ।

निज बोलिभियन नागरिक बोलिभियाबाट ब्राजिल हुँदै अफ्रिकी मुलुक ईथियोपिया बाट भारत हुँदै नेपाल आईपुगेका थिए । त्यसैगरि थाई नागरिक MISS KHUANJAI KHANARAT थाईल्याण्डबाट नेपाल आएकी थिईन्। उक्त **लागु औषध कोकिन** निज दुवै जनाले एक आपसमा लेनदेन (Handover) गर्न लागिएको अवस्थामा काठमाण्डौको ठमेल स्थित होटलबाट पक्राउ गरिएको छ । बरामद लागु औषध कोकिन दक्षिण अमेरिकी मुलुक बोलिभियाबाट ब्राजिल, ईथियोपिया, भारतको रुट प्रयोग गरि नेपालमा ट्रान्जिट हुँदै बैंककबाट तेश्रो मुलुकहरुमा पठाउन लागिएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। पक्राउ परेका दुवै विदेशी नागरिक अन्तराष्ट्रिय लागु औषध कारोबारमा संलग्न रहेको र निजहरु उपर थप अनुसन्धान कार्य भईरहेको व्यहोरा जानकारीको लागि अनुरोध।

**पुनश्च:** मिति २०७३/०४/२६ गते Bolivian महिला नागरीक ROSSY GUEDDY TOLEDO VALLEJOS **३ किलो ५४.५ ग्राम लागु औषध कोकिन** सहित पक्राउ परेका थिए भने मिति २०७४/०६/०७ गते अर्का Bolivian नागरीक ADHEMAR ANEZ LOPEZ **२ किलो ७०० ग्राम लागु औषध कोकिन** सहित पक्राउ परेका थिए।

•••


लागू औषध नियन्त्रण ब्युरो









